# डिम्याट् खाता (Demat Account) नविकरण शुल्क बुझाउने बारे अत्यन्त जरुरी सूचना

यस लक्ष्मी क्यापिटल मार्केट लिमिटेड तथा लक्ष्मी बैंक लिमिटेडको शाखा कार्यालयहरु मार्फत हितग्राही खाता खोली आफ्नो धितोपत्रको कारोबार गरि रहनु भएका खातावालाहरुलाई धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/२०७७ भित्र खाता खोल्नु भएका सम्पूर्ण हितग्राहीहरुले प्रत्येक आ.व.को बार्षिक संचालन शुल्क वापत बुझाउनु पर्ने रकम रु.१००/- बुझाउन बाँकी रहेका हितग्राही सदस्यहरुले यस कम्पनीमा आई बुझाउनु हुन वा लक्ष्मी बैंक लिमिटेडको नजिकको शाखा कार्यालयहरुमा सम्पर्क राखी तल उल्लेखित बैंक खातामा उक्त संचालन शुल्क जम्मा गरि आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

साथै बैंकमा रकम दाखिला भएको बैंक भौचरको प्रति यस कम्पनीको ईमेल : info@laxmicapital.com.np मार्फत पठाउनु भई आफ्नो हितग्राहि खाता अद्यावधिक गर्नुहुन अनुरोध गर्दछौं ।

**हितग्राही खाताको बार्षिक संचालन शुल्क जम्मा गर्ने खाताको विवरण:**

| | |
|---|---|
| **बैंकको नाम:** | **लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौं** |
| **बैंकको खाता नम्बर:** | **००५११००९९६८** |
| **जम्मा गर्नेको विवरण:** | **सम्बन्धित हितग्राहीको पूरा नाम, हितग्राही नम्बर** |

**नोट:** आ.व. २०७६/२०७७ सम्ममा खाता खोल्नु भएका हितग्राहीहरुले **यही मिति २०७७ आषाढ ३१ गते** भित्र वार्षिक शुल्क (हरु) बुझाई आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन अनुरोध छ अन्यथा उक्त मिति पश्चात संचालन शुल्क नबुझाउनु हुने हितग्राहीहरुको खाता संचालन शुल्क नबुझाएसम्म Demat Account Freeze भएर रहने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

साथै यस लक्ष्मी क्यापिटल मार्केट लिमिटेडमा हितग्राही खाता खोलेका महानुभावहरुले यथाशिघ्र आफ्नो नजिकको लक्ष्मी बैंक लिमिटेडको शाखा कार्यालयहरुमा र लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क गरी ग्राहक पहिचान (KYC) अद्यावधिक गरिदिनु हुन अनुरोध गरिन्छ । KYC अद्यावधिक गर्ने प्रयोजनको लागि आवश्यक ग्राहक पहिचान विवरणको फारम यस क्यापिटलको वेभसाइट www.laxmicapital.com.np बाट पनि डाउनलोड गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

**पुनश्च:**

१. यस कम्पनीको बैंक खातामा शुल्क जम्मा गर्दा हितग्राही खातावालाको नाम, थर, हितग्राही खाता नम्बर तथा कुन आर्थिक वर्षको शुल्क हो अनिवार्य रुपमा उल्लेख हुनु पर्नेछ । सो विवरण पुरा नभई वा फरक परेमा सो को जिम्मेवार हितग्राही स्वयं हुनु हुनेछ ।

२. उपरोक्त वार्षिक संचालन शुल्क Connect IPS, Khalti, e-Sewa तथा Fone Pay मार्फत भुक्तानी गर्न सकिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराउँदछौं ।


**लक्ष्मी क्यापिटल मार्केट लिमिटेड**

**Laxmi Capital Market Limited**

(Wholly Owned Subsidiary of Laxmi Bank Limited)

*(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)*

का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल

फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२ फ्याक्स नं. ९७७-१-४७८०५८३

Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np